संघीय संसद नेपाल

# संघीय संसद
# राष्ट्रिय सभा

## चौधौं अधिवेशन

**बैठक - ३८**

२०८० भदौ १० गते आइतबार

अपराह्न १:०१ बजे

## दैनिक कार्यसूची

### राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्र

१. सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरण, मन्त्रिपरिषद्को गठन र मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रहरूको ब्यहोरा जानकारी गराउनुहुने ।

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त पत्र

२. सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् सदस्यहरूको कार्यभार तोकिएको सम्बन्धी पत्रहरूको ब्यहोरा जानकारी गराउनुहुने।

### प्रतिवेदन पेस

३. विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईले "संविधान अनुसार बन्न बाँकी कानूनहरूको अध्ययन प्रतिवेदन, २०८०" र "विधायन व्यवस्थापन समितिको निर्देशन, सुझाव कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन अध्ययन प्रतिवेदन, २०८०" सभा समक्ष पेस गर्नुहुने।

### बाधा अड्काउ फुकाउ आदेश पेस

४. माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गले नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट आयोगको कार्यावधि थप गर्ने गरी जारी भएको आदेश बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ को उपदफा (२) बमोजिम सदन समक्ष पेस गर्नुहुने।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव